# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम(पश्चिम )
## कर्णालीप्रदेश, नेपाल

**सम्पर्क नं.**
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/१०/०६

पत्र संख्याः२०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बर................

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**(प्रकाशन मितिः २०७५/१०/०६)**

तपसिलमा उल्लेखित निर्माण कार्यहरु श्रम सहकारी/उपभोक्ता समिति/समूह/संघसंस्था मार्फत कार्यान्वयन गर्नुपर्ने भएकोले ईच्छुक श्रम सहकारी वा उपभोक्ता समिति/समूह/संस्थाले तपसिलमा उल्लेखित शर्तहरुको पालना गरी सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र प्रस्ताव पेश गर्न आउनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. आयोजनाहरुको विवरण

| क्र.स. | विवरण | आयोजना कार्यान्वयन हुने स्थान | लागत अनुमान रु. | प्रस्ताव खरिद शुल्क रु. | लागत सहभागिता वापत दाखिला गर्नुपर्ने न्यूनतम रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिका कार्यालय रहेको स्थानबाट नेत्रचोक हुँदै ईलाका प्रहरी कार्यालय पुलतिर जाने बाटोमा ढल निर्माण तथा सडक स्तरोन्नति (क्रमागत) | आठविसकोट नगरपालिका वडा नं. ९ राडीबजार | ३,७७९,०००.०० | ३,०००.०० | ३७७,९००.०० | नगरपालिकाले उपलब्ध गराएको डिजाइन इष्टिमेट अनुसार कार्य गर्नुपर्ने |
| २ | हाल नगरपालिका कार्यालय रहेको स्थानमा कम्पाउन्ड सोलिङ, पीसीसी, आरसीसीको काम, गेट निर्माण | आठविसकोट नगरपालिका वडा नं. ९ राडीबजार | ३,१९५,०००.०० | ३,०००.०० | ३१९,५००.०० | |
| ३ | आ.न.पा.- ०९, राडीबजार नेत्रचोकमा सार्वजनिक शौचालय निर्माण | आठविसकोट नगरपालिका वडा नं. ९ राडीबजार | १,०००,०००.०० | १,०००.०० | १००,०००.०० | |
| ४ | हाल नगरपालिका कार्यालय रहेको स्थानबाट ल्याण्डफिल साईडसम्मको सडकको ट्र्याक ओपनिङ तथा ग्याविन निर्माण | आठविसकोट नगरपालिका वडा नं. ९ राडीबजार | २,५५२,०००.०० | ३,०००.०० | २५५,२००.०० | |
| ५ | राडी घारीखोला सडक स्तरोन्नती | आठविसकोट नगरपालिका वडा नं. ९, १० र १२ | ३,०००,०००.०० | ३,०००.०० | ३००,०००.०० | |

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/१०/०६

पत्र संख्याः२०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बर................

२. श्रम सहकारी वा उपभोक्ता समिति/समूह/संस्थाले नगरपालिका कार्यालयबाट मिति २०७५।१०।११ गते कार्यालय समयभित्र प्रस्ताव सम्बन्धी कागजात खरिद गरी **माथि उल्लेखित** प्रस्ताव खरिद वापतको रकम दाखिला गरेको भौचर सहित सिलबन्दी प्रस्ताव पेश गर्नु पर्नेछ ।

३. श्रम सहकारी/क्लव/समूह/संस्थाको हकमा दर्ता प्रमाणपत्र, सोको नवीकरण, आर्थिक वर्ष २०७४।०७५ सम्मको करचुक्ता प्रमाणपत्र र लेखापरिक्षण प्रतिवेदन, सम्पूर्ण सदस्यहरुले आठविसकोट नगरपालिका आर्थिक ऐन, २०७५ अनुसार तिर्नुपर्ने सम्पूर्ण करहरु (मालपोत/सम्पति कर/बहाल/व्यवसाय कर लगायत) तिरेको करचुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु, स्वघोषणा लगायतका कागजातहरु र उपभोक्ता समितिको हकमा लाभग्राही समुदायबाट उपभोक्ता समिति गठन गरेको निर्णय, सबै पदाधिकारीहरुले मालपोत/सम्पति कर/बहाल/व्यवसाय कर तिरेको करचुक्ता प्रमाणपत्र वा रसिद, नागरिकताको प्रमाणपत्र प्रतिलिपी, स्वघोषणा लगायतका कागजातहरु प्रस्तावका साथ पेश गर्नु पर्नेछ ।

४. प्रस्ताव पेश गर्ने श्रम सहकारी वा उपभोक्ता समिति/समूह/संस्थाले श्रमदान वा लागत सहभागिता वापत कुल लागत अनुमानको १० प्रतिशत रकम नगरपालिकाको धरौटी खाता नं. ०९२००००००४GE मा जम्मा गरी दाखिला भौचर सहित प्रस्ताव पेश गर्नुपर्नेछ । कुल लागत अनुमानको १० प्रतिशत रकम उल्लिखित धरौटी खातामा जम्मा गरेको भौचर पेश नगरेमा उक्त प्रस्ताव दर्ता गरिने छैन् । लागत सहभागीता वापतको रकम कार्य मूल्याङ्कनको आधारमा आयोजना सम्पन्न भईसकेपछि अन्तिम भुक्तानी दिंदा उपलब्ध गराईनेछ । तर छनौट नभएका प्रस्तावहरुको हकमा सम्बन्धित प्रस्तावदातालाई धरौटी खातामा जम्मा गरेको रकम प्रस्ताव छनौट भएको मितिले ३०(तीस) दिनभित्र फिर्ता दिईनेछ ।

५. भुक्तानी दिँदा कुल लागत अनुमानको ५ प्रतिशत रकम कन्टिजेन्सी वापत, १ प्रतिशत रकम मर्मत संभार कोषमा र नियमानुसारको फरफारक रकम कट्टा गरिनेछ ।

६. उपभोक्ता समिति, श्रम सहकारी, समूह वा संस्था आयोजना कार्यान्वयन हुने सम्बन्धित वडाको लाभग्राही समुदायबाट भएमा र उक्त प्रस्ताव न्यूनतम सारभूत रुपमा प्रभावग्राही भएमा प्राथमिकता दिईनेछ । तर उल्लिखित प्रस्तावहरु रितपूर्वक दरखास्त परेको हुनुपर्नेछ र न्यूनतम कबोल अंक हुनुपर्नेछ ।

७. यस अघि कालो सूचीमा परेका वा बेरुजू फछ्यौंट नगरेका वा उपभोक्ता समितिमा रहि बदनियतपूर्ण ढङ्गले कार्य गरेका वा गरिबी निवारण कोष वा अन्य कुनै निकायबाट अनुदान वा ऋण प्राप्त गरी अपचलन गरेका वा नैतिक पतनदेखिने कार्य गरेको भनि प्रमाणित भएका व्यक्तिहरु

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम(पश्चिम )
## कर्णालीप्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८

मितिः २०७५/१०/०६

पत्र संख्याः२०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बर................

श्रम सहकारी वा उपभोक्ता समिति वा समूह वा संस्थामा भएमा वा मिलेमतो गरी प्रस्ताव पेश गरेको प्रमाणित भएमा प्रतिस्पर्धामा समावेश गरिने छैन् ।

८. सम्झौता भएको मितिले तीन महिनाभित्र कार्य सम्पन्न गरिसक्नुपर्नेछ ।

९. प्रस्ताव पेश गर्ने अन्तिम मितिः **२०७५/१०/१२** गते १२ बजेभित्र।
प्रस्ताव खोल्ने मिति : **२०७५/१०/१२** गते दिउँसो २ बजे ।

१०. म्याद नाघी आएका प्रस्ताव उपर कुनै कारवाही हुने छैन् ।

११. यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।

१२. थप जानकारीका लागि नगरपालिकाको आधिकारीक वेबसाईट **www.aathbiskotmun.gov.np** एवम् सामाजिक सञ्जालहरुमा हेर्न पढ्न सकिनेछ वा मोबाईल नं. **९७४१३८९९६१** र **९७४८५८३१३८** मा सम्पर्क गर्न सकिनेछ ।

रामबहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत